दमक नगरपालिका,झापा

स्थानीय राजपत्र

| | |
|---|---|
| वर्ष : ८ | प्रमाणीकरण मिति : २०८१।६।१३ |
| संख्या : ३ | प्रकाशन मिति : २०८१।६।२३ |


# भाग ३

**प्रस्तावनाः** १३ औ नगरसभाले स्वीकृत गरेको बजेट, नीति तथा कार्यक्रम तथा विनीयोजन ऐन,२०८१ लाई कार्यान्वयन गर्न, नगर क्षेत्रको प्रशासनिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय एवम् पूर्वाधारजन्य समस्यालाई तत्काल सम्वोधन गर्न वा अन्य निकाय, तथा विकास साझेदारसँगको सहकार्यमा कुनै कार्य गर्नु परेमा यस आ. ब. २०८१/०८२ को नगर प्रमुख तथा उप प्रमुख कोषको परिचालन गरी नागरिक प्रतिको उत्तरदायीत्व निर्वाह गर्न वाञ्छनिय भएकाले,

दमक नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः- १) यस कार्यविधिको नाम ‘ **नगर प्रमुख तथा उप प्रमुख कोष संञ्चालन कार्यविधि, २०८१**’ रहेको छ ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकासन भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. 'नगरसभा' भन्नाले दमक नगरपालिकाको नगरसभालाई सम्झनु पर्नेछ ।

ख. 'सम्वन्धित अधिकारी' भन्नाले दमक नगरपालिकाको नगर प्रमुख तथा उप प्रमुखलाई सम्झनु पर्नेछ ।

ग. 'कोष' भन्नाले दफा ४ बमोजिम जम्मा भएको कोषलाई सम्झनु पर्नेछ ।

घ. 'लेखा उत्तरदायि अधिकारी' भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले प्रचलित कानून बमोजिम अधिकार प्रत्यायोजन गरेको अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## आवश्यकता पहिचान

३. आवश्यकताको पहिचानः- १) यस कोषबाट सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको आवश्यकता पहिचान देहायका मध्ये कुनै एक वा सो भन्दा वढी आधारमा सम्वन्धित अधिकारीले गर्नेछ।

क. सम्वन्धित अधिकारीको अवलोकन।

ख. सम्वन्धित अधिकारी को आदेशमा प्राविधिक निरीक्षण र प्रतिवेदन।

ग. स्थानीय व्यक्ति, समूह, संस्था, संगठन, टोल विकास लगायतको माग निवेदन।

घ. सरोकारवालाहरुको अनुरोध।

ङ. वडा कार्यालयको अनुरोध।

च. विपद व्यवस्थापन समितिको अनुरोध।

छ. विषयगत समितिको अनुरोध।

ज. आयोजना बैंकको प्राथमिकता।

झ. अन्यपालिका, जि.स.स. प्रदेश सरकार, संघीय सरकार अन्तर्गतका निकायहरुको प्रस्ताब, अनुरोध वा आपसी समझदारी ।

ञ. आवश्यकता अनुसार अन्य विषयहरु।

२) उपदफा१ मा उल्लेख भए बमोजिमका आधारमा नागारिकता-पत्र/ संस्था दर्ता प्रमाणपत्र संलग्न राखी योजनाको प्रस्ताव पत्र वा प्रतिवेदनको साथ सम्बन्धीत अधिकारी समक्ष कार्यक्रम तथा आयोजना छनोटका लागि पेश गर्नु पर्नेछ। यसरी पेश हुन आएका आधारहरु मध्ये कुनै एक वा सो भन्दा वढी आधारहरुबाट आवश्यकता पहिचान गरिनेछ।

३) उपदफा २ बमोजिम आवश्यकता पहिचान भए पश्चात अधिकार प्राप्त अधिकारीले लेखा उत्तरदायि अधिकारीलाई बस्तु स्थिति बुझ्न र प्रचलित कानून बमोजिम लागत अनुमान तर्जुमा गरी पेश गर्ने आदेश गर्नु पर्नेछ ।

४) उपदफा ३ बमोजिम लागत अनुमान प्राप्त भए पश्चात सम्बन्धित कोषबाट व्यहोर्ने गरी आवश्यक खरिद प्रक्रिया अघी वढाउन सम्बन्धित अधिकार प्राप्त अधिकारीले आदेश दिनु पर्नेछ।

५) उपदफा ४ बमोजिम प्राप्त आदेशका आधारमा प्रचलित कानून बमोजिम कार्य अघी वढाउनु लेखा उत्तरदायी अधिकारीको कर्तव्य हुनेछ ।

## परिच्छेद ३
## कोष सम्वन्धी व्यवस्था

४. कोष सम्वन्धी व्यवस्थाः-नगर प्रमुख तथा उप प्रमुख कोष संचालनका लागि देहाय बमोजिमको रकम रहने गरी एक कोषको व्यवस्था हुनेछ ।

क. नगरसभाले विनियोजन गरेको रकम ।

ख. कुनै संघ, संस्था वा निकायले किटानी गरी प्रदान गरेको रकम ।

५. कोषको परिचालन, क्षेत्र र हदः- १) दफा ४ बमोजिम स्थापित कोषको परिचालन प्रशासनिक, आर्थिक, सामाजिक, शैक्षिक, न्यायिक, सांस्कृतिक, पर्यावरणीय एवम् पूर्वाधारजन्य सहायक कार्यक्रम / संरचानाको विकास / मर्मत सम्भारका लागि परिचालन गरिनेछ ।

२) कोष परिचालनका क्षेत्र तथा हद देहाय बमोजिम हुनेछ ।

| क.स | विषयक्षेत्र | उपक्षेत्र/ कार्यक्रम | प्रति आयोजना हद | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | • कृषि विकास<br>• पशुपंक्षी विकास<br>• सहकारी विकास<br>• वाणीज्य र उद्योग | प्रति कार्यक्रम / आयोजना वढीमा ५ लाख सम्म | |
| २ | सामाजिक विकास | • शिक्षा<br>• स्वास्थ्य<br>• खानेपानी<br>• यूवा तथा खेलकुद<br>• महिला विकास<br>• समावेशीक्षेत्रको विकास | प्रति कार्यक्रम/ आयोजना वढीमा २ लाख | |

| | | | | |
|---|---|---|---|---|
| | | • लागु औषध नियन्त्रण<br>• उद्यमशीलता प्रवर्द्धन<br>• सामाजिक विकृति र विसंगती न्यूनिकरणका लागि कार्यक्रम/ अभियान ।<br>• Standup Support Fund प्रदान ।<br>• साहित्य, भाषा, कला र संस्कृतीको संरक्षण र प्रवर्द्धन ।<br>• Social Crosscutting Issue (गरिवी निवारण कार्यक्रम सञ्चालन)<br>• सामाजिक विधिवता व्यवस्थापन र विकास । | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | प्रशासनिक क्षेत्र | • सुशासनको अभिवृद्धी गर्ने आयोजना तथा कार्यक्रम ।<br>• Administrative Innovation<br>• नयाँ कार्यक्रमहरुको पहल तथा पैरवी गर्न ।<br>• एकिकृत तथा सामुहिक जिम्मेवारी प्रवर्द्धनका कार्यहरु गर्न । | प्रति कार्यक्रम/ आयोजना वढीमा ५० हजार | |
| ४ | पर्यावणीय विकास क्षेत्र | • पर्यावरणीय संरक्षण र प्रवर्द्धन<br>• विपद व्यवस्थापन आयोजना<br>• फोहोरमैला व्यवस्थापन तथा शहरी शौन्दर्यिकरण<br>• वाध निर्माण / नदी नियन्त्रण<br>• सिमसार संरक्षण तथा प्रवर्द्धन<br>• जैविक विविधता प्रवर्द्धन | प्रति कार्यक्रम/ आयोजना वढीमा ५ लाख | |

| | | | | |
|---|---|---|---|---|
| ५ | पूर्वाधारक्षेत्र | १. सडक पूर्वाधार<br>• कालोपत्रे सडक<br>• Inter locking सडक<br>• PCC / RCC सडक<br>• ग्राभेल सडक<br>• नयाँ ट्रायाक खन्ने<br>• ढल /नाला निर्माण<br>• वाल निर्माण | प्रति कार्यक्रम/ आयोजना वढीमा १० लाख | |
| | | २. भवन<br>• विद्यालय भवन<br>• प्रौढ शिक्षा / वालशिक्षाका लागि भवन<br>• सामुदायिक भवन<br>• वहुउपयोगी भवन<br>• हाट बजार, कृषी, बन सो क्षेत्रका भवनहरु<br>• सार्वजनिक शौचालयका भवनहरु<br>• सार्वजनिक रुपमा प्रयोग भईरहेका भवनहरुको मर्मत | प्रति कार्यक्रम/ आयोजना वढीमा ५ लाख | |

| | | | | |
|---|---|---|---|---|
| | | ३. पैनी कुलो<br>• नहर, कुलो, मूहान संरक्षण र विकास<br>• डिप वोरिङ<br>• स्यालो ट्यूवेल | प्रति कार्यक्रम/आयोजना वढीमा २ लाख | |
| | | ४. विद्युत विकास र विस्तार<br>• पोल विस्तार<br>• तार विस्तार<br>• सडक वत्ती / सिढी<br>• ट्रान्सफर्मर विस्तार | प्रति कार्यक्रम/आयोजना वढीमा १ लाख | |

३) उपदफा २ मा उल्लेख भएका बाहेकका आयोजना /कार्यक्रमका हकमा देहाय अनुसार हुनेछ ।

क. कुनैपनि मानवीय जोखीममा परेको व्यक्तिको जिवन रक्षाका लागि एक परिवारलाई एक आर्थिक वर्षमा वढीमा १० हजार भन्दा वढी नहुने गरी सहायता प्रदान गर्ने सम्बन्धित अधिकारीले सक्नेछन् ।

ख. गरीव /लोपोन्मुख /अती विपन्न सिमान्तकृत जाती /वर्गको सन्नततीको शिक्षामा सहयोग गर्ने सक्नेछ तर यस प्रकारको सहयोग सम्बन्धित शिक्षण संस्थाको खातामा जम्मा हुने गरी प्रदान गर्नु पर्नेछ।

ग. उपदफा ३ को खण्ड 'क' र 'ख' बमोजिमको सहायता प्रदान देहायको आधारमा गर्नु पर्नेछ ।

अ. सरकारले जारी गरेको गरीब भएको प्रमाण ।

आ. विपन्न / लोपोन्मुख / अति सिमान्तकृत वडाको सिफारिस ।

इ. सम्बन्धित व्यक्ती वा परिवारको नागरिकता ।

ई. विद्यार्थी सहयोगका हकमा क्याम्पस /विद्यालय भर्ना भई पठन पाठन गरीरहेको प्रमाण ।

४) दफा ५ को उपदफा २ बमोजिमको आयोजना तथा योजना संचालन गर्न लागतको कम्तीमा १५ प्रतिशत जनसहभागीता हुनु पर्नेछ ।

६.निर्णयः- दफा ३ बमोजिम आवश्यकता पहिचान गरी दफा ५ ले तोकेको हदभित्र रही सम्बन्धित अधिकारीले कोष परिचालन सम्बन्धि निर्णय गर्नेछ ।

## परिच्छेद ४

## खरिद प्रक्रिया, निर्णय र अभिलेख सम्वन्धी व्यवस्था

७. खरिद प्रक्रिया, निर्णय र अभिलेख सम्वन्धी व्यवस्थाः १) संघीय सार्वजनिक खरिद ऐन, २०६३ तथा दमक नगरपालिका सार्वजनिक खरिद नियमावली,२०७७ का आधारमा खरिद गरिनेछ ।

२)एक आयोजना / कार्यक्रमका लागि सम्वन्धित अधिकारीले तोकिएका आधारमा वढीमा ५ लाख सम्म साझेदारी गर्ने गरी निर्णय गर्न सक्नेछ ।

३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि नयाँ कार्यक्रम तथा आयोजनाका हकमा एक आयोजना वा कार्यक्रमका लागि वढीमा १० लाख सम्म मात्र कोषबाट बजेट विनियोजन गर्न सकिनेछ ।

४) कुनै नयाँ वा साझेदारीमा सञ्चालन गर्ने गरी सम्वन्धित अधिकारिबाट रकम विनियोजन भए पछी खरिद प्रकृयाको उठान गर्ने दायित्व सम्वन्धित सरोकारवाला शाखा / उपशाखाको हुनेछ।

५) सम्वन्धित शाखाहरुले खरिद प्रक्रियाको निर्णयसँग विनियोजित कोषको रकमबाट सञ्चालन हुने आयोजना / कार्यक्रमको अनुसूची १ मा उल्लेख भए बमोजिमको अभिलेख राख्नु पर्नेछ।

६) यस दफामा उल्लेख भए बमोजिमका सवै प्रक्रियामा आर्थिक प्रशासन शाखासँग सम्वन्धित शाखाले समन्वय गर्नुपर्छ।

७) व्यवस्थित एवम् एकिकृत अभिलेख रुपान्तरणका लागि सम्वन्धित अधिकारीबाट निर्णय हुनासाथ सो को एकिकृत अभिलेख सम्बन्धित सचिवालयले राख्नेछ । शाखागत अभिलेख र विषयसँग सम्वन्धित कागजात सरोकारबाला शाखाले राख्नेछ।

## परिच्छेद ५
## निषेध र नियन्त्रण

८. निषेध तथा नियन्त्रण सम्बन्धी व्यवस्था - १) दफा ४ बमोजिमको कोषको रकम परिचालन उत्पादन मूलक क्षेत्रमा लगाउनु पर्नेछ।

२) एकै आयोजनामा औचित्यहिन ढंङ्गले वारम्वार लगानी गर्ने गरी कोष परिचालनको निर्णय गर्न पाईने छैन।

३) कोषको परिचालन आर्थिक वा सामाजिक पूजि निर्माण हुने क्षेत्रमा मात्र गर्नु पर्नेछ ।

४) कोषबाट तोकीए बमोजिम बाहेक कुनै प्रकारको आर्थिक सहायता प्रदान गरीने छैन ।

५) दफा ४ बमोजिमको कोषबाट सामाजिक संघ/ संस्थालाई सामग्री खरिदका लागि रकम प्रदान गर्नु परेमा प्रचलित कानून बमोजिम दर्ता भएका संघ/ संस्था लाई प्राथमिकता दिनु पर्नेछ। तर, दर्ता नभएका संस्थाहरुलाई प्रदान गर्नु परेमा खरिद भएका सामग्रीहरुको वडामा दाखिला गर्ने वा सम्बन्धित संस्थाले संस्थाको औपचारिक बैठक वसी पालिकाबाट प्राप्त सामग्रीहरुको छुट्टै दाखिला वा अभिलेख राखी निर्णय गरी /गराई सो को जानकारी वडा तथा नगरमा गराउनु पर्नेछ ।

६) नेपाल सरकार/प्रदेश सरकार वा संघीय सरकारलाई जुनसुकै प्रकारको वक्यौता तिर्नु वुझाउनु पर्ने दायित्व भएको संस्था वा संरचनाका व्यक्ति लाई यस प्रकारको कोषबाट कुनै सहायता प्रदान गरिने छैन ।

७) दोहोरो पर्ने गरी कार्यक्रम तथा आयोजनाका लागि रकम विनियोजन गर्न पाईने छैन तर सहकार्यमा कार्य गर्नका लागि भने कुनै वाधा पर्ने छैन ।

## परिच्छेद ६
## विविध

९. लेखांकन तथा लेखा परिक्षण सम्बन्धी व्यवस्थाः -१) यस कोषबाट हुने खर्चको लेखांकन प्रचलित कानून बमोजिम हुनेछ।

२) यस कोषबाट हुने खर्चको आन्तरिक तथा आन्तिम लेखापरिक्षण प्रचलित कानून बमोजिम नगरपालिकाको लेखा परिक्षणसँगै हुनेछ।

३) उपदफा २ का अतिरिक्त सार्वजनिक परिक्षण, सामाजिक प्रभाव परिक्षण लगायतका परिक्षण गर्न सकिने छ।

१०. अनुगमनः- आयोजना तथा कार्यक्रमको अनुगमन प्रचलित कानून बमोजिम हुनेछ।

११. संशोधनः- यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्नु पर्ने भए कार्यपालिकाबाट संशोधन गर्न सकिनेछ।

१२. बचाउ र खारेजिः-१) यस आर्थिक वर्षमा यसै कोष अन्तर्गत यस अघी भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

२) आर्थिक वर्ष २०८१।०८२ को विनीयोजन ऐनको कार्यान्वयन समाप्ती सँगै यस कार्यविधि स्वत खारेज भएको मानिनेछ।

## अनुसूची- १

## (दफा ६ को उपदफा ५ सँग सम्बन्धित)

## दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय

## नगर प्रमुख तथा उप प्रमुख कोष सञ्चालन अभिलेख ढाँचा

| क्र.स. | नगर प्रमुख तथा उप प्रमुख | विनियोजन रकम | आयोजना तथा कार्यक्रमको नाम | कार्यक्रम/ आयोजना संचालन मिति | कार्यक्रम/ आयोजना समाप्ती मिति | वास्तविक खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

.................... ................

तयार गर्ने प्रमाणित गर्ने

**आज्ञाले**

**गणेशराज कार्की**

**प्रमुख प्रशासकिय अधिकृत**